# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, आषाढ २६ गते २०२३ साल [ अतिरिक्ताङ्क १३ (ख)

**श्री ५ को सरकार**

अर्थ–मन्त्रालयको

सूचना

अन्तःशुल्क ऐन, २०१५ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड १६ मिति २०२३ आषाढ २६ गतेको अतिरिक्ताङ्क १३ (क) को नेपाल गजेट भाग ३ मा प्रकाशित गरेको अन्तःशुल्कसम्बन्धी सूचनाको दफा ४ केही अस्पष्ट भएकोले उक्त दफा ४ को सट्टा देहायबमोजिमको दफा ४ कायम गरी सोही दफा ४ पछि देहायका दफा ५ र ६ छुट् हुन गएकोले त्यसलाई समेत उक्त सूचनामा समावेश गरी भूल सुधारको सूचना प्रकाशित गरिएको छः–

४. स्वदेशी उनबाट बनेको उनी धागोमाः– शक्तिद्वारा सञ्चालित मील कारखानाबाट स्वदेशी उन मात्र प्रयोग गरी तयार भएको धागोमा ५० (पचास) प्रतिशत अन्तःशुल्क छुट् दिइएको छ। शक्ति प्रयोग नगर्ने कारखानालाई शतःप्रतिशत अन्तःशुल्क छुट् दिइएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

५. तेलहन (तेल निस्कने बियाँ र पदार्थ) बाट तयार भएको तेलमाः– तोरी, सर्स्यूं, आलस वा यस्तै कुनै तेलहनबाट तयार गरिएको तेलमा अन्तःशुल्क लागिआएकोमा आजदेखि खारेज गरिएको छ ।

६. साविक लागिआएको अन्तःशुल्क कायम रहनेः– माथि दफा १, २, ३, ४, र ५ मा लेखिएबाहेक अन्तःशुल्क लागिआएका, अन्य विषयमा साविकबमोजिम अन्तःशुल्क दरबन्दी नै कायम गरिएको छ ।

डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार